कालपृष्ठ दैनिक
KALPRISTHA DAINIK
वर्षः २९, अंकः८८
मंगलबार, १७ कात्तिक २०८३
(Tuesday, 3 Nov. 2026)
पृष्ठः ४, मूल्यः १०।-

समाचार र विचारको स्वतन्त्र संवाहक

कालपृष्ठ

kalpristhanews.com

राष्ट्रिय दैनिक 'क' वर्गमा सूचीकृत

गाउँघर, कुनाकाप्चा, टोलका
विकास-निर्माण वा जनसमस्या
सम्बन्धित कुनैपनि खबर
सार्वजनिक गर्नु परेमा

हामीलाई जानकारी दिनुहोस् ।
मो.नं.: ९८५११४८३६१, ९८५८०५९५४४

अपेक्षाकृत लाभ लिन सकेनन् किसानले जडीबुटीबाट

सुनिता श्रेष्ठ

नेपालगन्ज, १७ कात्तिक

नेपालका किसान र राज्यले सम्भावना भएर पनि जडीबुटी क्षेत्रबाट आर्थिक लाभ लिन नसकेको सरोकारवालाले बताएका छ। नेपाल जडीबुटी व्यावसायी संघका अध्यक्ष टंक प्रसाद शर्माले सरकारले स्पष्ट रूपमा राष्ट्रिय जडीबुटी विकास नीति, दीर्घकालीन कार्ययोजना र प्रभावकारी कार्यान्वयन प्रणाली नहुँदा नेपालका किसानले जडीबुटीबाट आर्थिक लाभ लिन नसकेको बताउनु भएको छ।

प्राकृतिक स्रोतमा धनी भएर पनि त्यसबाट प्राप्त हुने आर्थिक लाभ किसान र राज्यले अपेक्षाकृत रूपमा हासिल गर्न नसकिरहेको अवस्था अझै पनि कायमै रहेको उहाँले बताउनु भयो।

कालपृष्ठ दैनिकसँग संवाद गर्ने क्रममा उहाँले भन्नु भयो,'नेपालले जडीबुटीलाई वनजंगलबाट संकलन गरेर कच्चा पदार्थका रूपमा बिक्री गर्ने परम्परागत व्यवसायमा मात्र सीमित राख्नु हुँदैन। प्रशोधित औषधीय तथा सुगन्धित उत्पादन, प्राकृतिक सौन्दर्य सामग्री र उच्च मूल्यका वनस्पतिजन्य वस्तु उत्पादन गरी अन्तर्राष्ट्रिय बजारमा नेपाली जडीबुटीको छुट्टै पहिचान स्थापित गर्न सक्नुपर्छ। यसका लागि राज्यले दिर्घकालिन रूपमा योजना बनाएर काम गर्नु पर्छ।'

नेपालको कुल वार्षिक जडीबुटी निर्यातको देशव्यापी एकीकृत तथ्यांक भन्सार विभाग र व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका अनुसार करिब ५ देखि ६ अर्ब रूपैयाँ हुने अनुमान गरिएको छ। जडीबुटी निकासी हुने मुख्य नाकामा पर्छ नेपालगन्ज भन्सार। नेपालगन्ज नाकाबाटमात्रै वार्षिक रूपमा करिब ८४ करोड २६ लाख बराबरको जडीबुटी भारत र अन्य मुलुकमा निर्यात हुने गरेको छ। त्यस्तै पुर्वी नाका काँकडभिट्टाबाट वार्षिक १४ करोड रूपैयाँ भन्दा बढीको जडीबुटी बाहिरिने गरेको भन्सार विभागको तथ्यांकमा उल्लेख छ।

कर्णाली प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका अनुसार राजस्व संकलनको हिसाबले कर्णाली प्रदेशले मात्रै वार्षिक रूपमा रोयल्टी बापत करिब ४ करोड १७ लाख ६८ हजार रूपैयाँ भन्दा बढी राजस्व संकलन गर्ने गरेको छ। नेपालले मुख्यरूपमा आम्दानी गर्ने प्रमुख जडीबुटीमा यार्सागुम्बा, जटामसी, झ्याउँ, कटुकी, सेतक चिनी, चिराइतो, टिमुर, कुरिलो, विभिन्न सुगन्धित तेलहरू जस्तै मेन्था, धसिंगो लगायत पर्ने गरेका छन्। त्यसमा सबैभन्दा मंहगो जडीबुटी यार्सागुम्बा हो, जसको राजस्व नै प्रतिकिलो करिब ३१ हजार रूपैयाँ सम्म पर्ने गरेको छ।



नेपाल जडीबुटी व्यावसायी संघका अध्यक्ष टंक प्रसाद शमा

जैविक विविधता र भौगोलिक विशेषताका दृष्टिले नेपाल जडीबुटी उत्पादनका लागि प्रचुर सम्भावना भएको देश भए पनि यसको व्यावसायिक विकास भने हुन सकेको छैन।

जडीबुटी प्रशोधन, बजारीकरण र अन्तर्राष्ट्रिय निर्यातमा अपेक्षित प्रगति हुन सकेको छैन। तराई, पहाड र हिमाली क्षेत्रमा पाइने बहुमूल्य जडीबुटीको व्यवस्थित पहिचान, उत्पादन तथा उपयोगका लागि सरकारले स्पष्ट राष्ट्रिय कार्ययोजना बनाउन नसकेको भन्दै यस क्षेत्रसँग सम्बन्धित सरोकारवालाले चिन्ता व्यक्त गरेका छन्।

नेपालमा विभिन्न प्रकारका औषधीय तथा सुगन्धित वनस्पति पाइने भए पनि तिनको व्यावसायिक विकासका लागि एकीकृत नीति र प्रभावकारी कार्यक्रम आवश्यक रहेको नेपालगन्जका जडीबुटी व्यावसायी सकिल अहमद जसगढले बताउनु भयो।

अहिले पनि धेरैजसो जडीबुटी किसान र व्यापारीले आफैं संकलन तथा उत्पादन गरेर बजारसम्म लग्ने गरेका छन्। यसले जडीबुटी क्षेत्रको वास्तविक सम्भावनाअनुसार किसान र राज्य दुवैले आर्थिक लाभ लिन नसकेको देखिन्छ।

तराई क्षेत्रमा मेन्था, सिकाकाई, हर्रो, बर्रो तथा अन्य औषधीय वनस्पतिको उत्पादन र व्यावसायिक खेतीको सम्भावना रहेको छ। पर्याप्त वन क्षेत्र र अनुकूल हावापानी हुँदाहुँदै पनि यी स्रोतको पहिचान, उत्पादन विस्तार र प्रशोधनमा अपेक्षित ध्यान पुग्न नसकेको सरोकारवालाको भनाइ छ।

यसैगरी पहाडी क्षेत्रमा टिमुर, तेजपात र काउलो जस्ता जडीबुटीको उत्पादन तथा व्यापार भइरहेको छ। कतिपय किसानले यस्ता वनजन्य उत्पादनबाट आम्दानीसमेत गरिरहेका छन्। तर उत्पादन वृद्धि गर्ने प्रविधि, रोग तथा कीरा नियन्त्रण, गुणस्तरीय बिरुवा, बजार व्यवस्थापन र बिक्री वितरणलाई सहज बनाउने सरकारी सहयोग पर्याप्त हुन सकेको छैन।

हिमाली क्षेत्रमा पाइने जटामसी, चिराइतो, कुटकी, पाँचऔंले, विभिन्न प्रजातिका औषधीय वनस्पति तथा गोब्रे च्याउलगायतका प्राकृतिक स्रोतमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको सम्भावना रहेको छ। कतिपय प्रजाति उच्च हिमाली भूगोलमा विशेष रूपमा पाइने भएकाले तिनको वैज्ञानिक पहिचान, गुणस्तर प्रमाणीकरण र दिगो उत्पादनमा विशेष ध्यान दिनुपर्ने आवश्यकता छ।

अध्यक्ष शर्माका अनुसार नेपालले जडीबुटीको उत्पादन मात्र होइन, त्यसको वैज्ञानिक अनुसन्धान, प्रशोधन, ग्रेडिङ, प्याकेजिङ र अन्तर्राष्ट्रिय बजारमा निर्यात गर्ने प्रणाली विकास गर्नुपर्छ। अहिले अनुसन्धानको उद्देश्य र त्यसबाट प्राप्त उपलब्धिलाई व्यावसायिक उत्पादनसँग जोड्ने स्पष्ट कार्यदिशा आवश्यक देखिएको छ।

जडीबुटीसम्बन्धी कानुनी तथा प्रशासनिक व्यवस्था पनि प्रजातिअनुसार फरक हुनुपर्ने उहाँको सुझाव छ। सबै प्रकारका जडीबुटीलाई एउटै प्रक्रियामा राखेर नियमन गर्दा स्थानीय किसान, संकलक र व्यापारीले संकलन, ओसारपसार तथा बिक्री वितरणमा विभिन्न समस्या भोग्नुपरेको गुनासो छ।

बाँकी २ पृष्ठमा

कोशेली घरमा कात्तिक १८ र १९ गते 'तिहार उत्सव-२०८३' हुँदै



कालपृष्ठ समाचारदाता

नेपालगन्ज, १६ कात्तिक

स्वदेशी अर्गानिक उत्पादनलाई प्रवर्द्धन गर्न यसपटक पनि महिला उद्यमी संघ नेपाल बाँकेले संचालन गरिरहेको कोशेली घरले 'तिहार उत्सव-२०८३' को आयोजना गर्ने भएको छ। यही कात्तिक १८ र १९ गते नेपालगन्ज-०२ मा रहेको कोशेली घर परिसरमा आयोजना गरिने 'तिहार उत्सव-२०८३' मा बाँकेका महिला उद्यमीहरूले उत्पादन तथा निर्माण गरेका विभिन्न वस्तु तथा सामाग्रीहरू बिक्री वितरणको लागि स्टल राखिनेछन्।

महिला उद्यमी संघ नेपाल बाँकेले संचालन गरिरहेको कोशेली घर नेपालगन्जले गत वर्ष देखि तिहारलाई लक्षित गरेर महिला उद्यमीका घरायसी वस्तु तथा सामाग्रीलाई प्रवर्द्धन गर्न उत्सवको आयोजना गर्ने गरेको छ।

'तिहार उत्सव-२०८३' मा विशेषगरी पुजाका सामाग्री, खानेकुराका परिकार, श्रृंगारका सामान, हस्तकला सामाग्री, लुगा कपडा, पुष्पमालाहरू, घर सजावटका सामाग्री तथा अर्गानिक खाद्यन्न तथा सामाग्रीहरूको बिक्री वितरणको लागि राखिने महिला उद्यमी संघ नेपाल बाँकेले जनाएको छ।

यसपटक करिब १५ वटा स्टलहरू राख्ने तयारी भएको आयोजकले जनाएको छ। स्टल राख्नको लागि यसपटक सरकारी कार्यालय वा सरकारी निकायमा दर्ता भएका संस्था तथा फर्म र खाद्य तथा गुण नियन्त्रण कार्यालयबाट अनुमति पत्र पाएका व्यवसायीलाई आमन्त्रण गरिएको छ।

बाँकी ३ पृष्ठमा

बोलपत्र आव्हान सम्बन्धि सूचना

INTERNATIONAL NEPAL FELLOWSHIP

प्रथम पटक प्रकाशित मितिः २०८३ कार्तिक १७ गते

आई एन एफ नेपाल साईनिङ्ग अस्पताल बाँकेलाई आ.व. २०८३/०८४ को लागि तपसिलमा उल्लेख गरे बमोजिम प्रिन्टेट नोट बुक छपाउनु पर्ने र अस्पताल फर्मेसीको लागी केहि अतिआवश्यक औषधीहरू र प्रयोगशालमा उपयोग हुने EDTA Tube मेडिकल उपकरण सरसफाई रसायन टेन्डर कोटेशन फारममा उल्लेख भएको बिवरण बमोजिम पटक पटक गरि खरिद गर्न पर्ने भएको हुँदा, इच्छुक व्यवसायी तथा आपूर्तिकर्ताबाट गोप्य सिलबन्दी बोलपत्र पेश गर्न हुन आव्हान गरिन्छ।

बोलपत्रका सर्तहरू:

१. बोलपत्र प्रकाशित भएको मिति देखी २०८३ कार्तिक २३ गते सोमबारका दिन दिउसो ४:३० बजे भित्र तल उल्लेखित ठेगानमा पेश गरी सक्नु पर्नेछ।
२. आपूर्ति गर्ने प्रिन्टेट नोट बुकको बोलपत्र फाराम तल दिईएको ठेगानामा सम्पर्क गरि निशुल्क प्राप्त गर्न सकिने छ।
३. बोलपत्रको साथमा नविरकण गरिएको फर्म दर्ता, स्थायी लेखा.न./मु.अ.कर दर्ता र गत आ.व.०८२ /०८३ को कर चुक्ता वा म्याद थपको कागजात पेश गर्नुपर्नेछ।
४. एक पटक पेश भई सकेको सिलबन्दी बोलपत्र पूनः संसोधन गर्न पाईनेछैन।
५. म्यादनाघी आएका र अपुर्ण सिलबन्दी बोलपत्रमाथि कुनै कारवार्ही गरिने छैन।
६. आपूर्तिकर्ताले पेश गरेको सिलबन्दी बोलपत्र फराममा र खामको बाहिरपट्टि स्पष्ट रूपमा फर्मको नाम, ठेगाना, सम्पर्क नम्वर र फर्मको छाप र आधिकारीक हस्ताक्षर भएको हुनु पर्नेछ।
७. बोलपत्रमा उल्लेखित दर रेट स्पष्ट रूपमा हुनु पर्नेछ। साथै कुल रकम अंक र अक्षर दुवैमा उल्लेख गर्नुपर्नेछ।
८. मिति २०८३ कार्तिक २९ गते आईतबारका दिन बिहान १०:३० बजे आपूर्तिकर्ता वा निजका प्रतिनिधिको रोहवरमा तल उल्लेखित ठेगानामा बोलपत्रहरू खोलीनेछ। यदि उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलीपल्ट सोही समयमा खोलीनेछ जुन यसैलाई अग्रिम सुचना दिएको मानिनेछ। यसर्थ निर्धारित समयमा उपस्थीत नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा भएको मानिनेछैन।
९. बोलपत्रहरू कारण खुलाई वा नखुलाई पुरै अथवा आंशिक स्विकृत गर्ने वा रद्ध गर्ने अधिकार यस कार्यालयमा निहीत रहनेछ।

बोलपत्र प्राप्त तथा पेश गर्ने ठेगानाः

अस्पताल प्रशासन शाखा

आई एन एफ नेपाल, साईनिङ्ग अस्पताल बाँके

जानकी गाँउपालिका-०३, बाँके

सम्पर्क नम्बर : ९८४८०२९९०५/९८६४९४०२९३

नोटः थप जानकारीको लागि माथि उल्लेखित टेलीफोनमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ।

मेशिन द्वारा
शिलालेख, ताम्रपत्र
Laxmi Media Printers Nepalgunj
लक्ष्मी मिडिया प्रिन्टर्स
वि.पी. चोक, नेपालगंज । फोन नं.: 081-535860, 537486, 9858046254, 9858023860

सम्पादकीय

नेपालगन्ज भन्सारको राजस्व चुनौती

नेपालको अर्थतन्त्रमा भन्सार राजस्व सरकारी आम्दानीको महत्वपूर्ण स्रोत हो । आयात-निर्यातको अवस्था, व्यापारिक गतिविधि र आर्थिक गतिशीलताको चित्र भन्सारबाट सङ्कलित राजस्वले पनि प्रस्तुत गर्छ । यस दृष्टिले नेपालगन्ज भन्सार कार्यालयले चालु आर्थिक वर्ष २०८३ र ०८४ को पहिलो तीन महिनामा सङ्कलन गरेको राजस्वलाई सामान्य उपलब्धिका रूपमा मात्र हेर्न मिल्दैन। कार्यालयले तीन महिनामा पाँच अर्ब २४ करोड ८९ लाख ८५ हजार रुपैयाँ राजस्व सङ्कलन गरेको छ । रकमका हिसाबले यो ठूलो देखिए पनि निर्धारित लक्ष्यको तुलनामा भने उपलब्धि सन्तोषजनक छैन ।

नेपालगन्ज भन्सारले चालु आर्थिक वर्षको लागि २६ अर्ब २० करोड ५२ लाख ६५ हजार रुपैयाँ राजस्व सङ्कलन गर्ने लक्ष्य पाएको छ । पहिलो तीन महिनामा कुल वार्षिक लक्ष्यको २०.४ प्रतिशत मात्रै राजस्व सङ्कलन हुनु आफैंमा चुनौतीपूर्ण अवस्था हो । मासिक लक्ष्यसँग तुलना गर्दा पनि साउनमा ८७.८७ प्रतिशत, भदौमा ८३.०६ प्रतिशत र असोजमा ८०.३१ प्रतिशत मात्रै राजस्व उठेको छ । यसले प्रत्येक महिना लक्ष्य र उपलब्धिबीचको अन्तर बढ्दै गएको सङ्केत गर्छ । अझ चिन्ताजनक पक्ष त राजस्व सङ्कलनको प्रतिशत निरन्तर ओरालो लाग्नु हो ।

नेपालगन्ज भन्सार कार्यालयको लागि यो चुनौती नयाँ भने होइन । गत आर्थिक वर्ष २०८२ र ०८३ मा २४ अर्ब ५४ करोड ५७ लाख ८२ हजार रुपैयाँ राजस्व सङ्कलनको लक्ष्य रहेकामा २० अर्ब ११ करोड ५५ लाख रुपैयाँ मात्रै सङ्कलन भएको थियो । अर्थात् लक्ष्यको करिब ८१.८७ प्रतिशत मात्रै उपलब्धि हासिल भयो । गत वर्षको लक्ष्य पूरा गर्न नसकेको अवस्थामा चालु आर्थिक वर्षमा गत वर्षको लक्ष्यभन्दा एक अर्ब ६५ करोड रुपैयाँ बढी र वास्तविक राजस्व असुलीभन्दा छ अर्ब रुपैयाँभन्दा बढी लक्ष्य निर्धारण गरिनु आफैंमा गम्भीर विषय हो ।

राजस्व लक्ष्य निर्धारण गर्दा भन्सारको वास्तविक व्यापारिक अवस्था, आयातको प्रवृत्ति, बजारको माग, सीमावर्ती व्यापारको अवस्था र आर्थिक गतिविधिको वस्तुनिष्ठ विश्लेषण हुनुपर्छ । लक्ष्य बढाउनु मात्रै राजस्व वृद्धि गर्ने उपाय होइन । लक्ष्यअनुसार राजस्व सङ्कलन गर्न सक्ने आधार, सम्भावना र कार्ययोजना पनि उत्तिकै महत्वपूर्ण हुन्छन् । यथार्थपरक अध्ययनबिना महत्वाकाङ्क्षी लक्ष्य निर्धारण गर्दा कागजमा लक्ष्य ठूलो देखिए पनि व्यवहारमा उपलब्धि कमजोर हुने जोखिम रहन्छ ।

नेपालगन्ज भन्सारबाट इन्धन, ट्र्याक्टर तथा ट्रेलर, पोलिथिन दाना, चामल, खाद्यान्न र फलामलगायतका वस्तु आयात हुने गरेका छन् । जडीबुटीलगायतका वस्तु निर्यात हुने गरेको छ । यी वस्तुको आयात-निर्यातमा आएको परिवर्तनले राजस्व सङ्कलनमा प्रत्यक्ष प्रभाव पार्छ । त्यसैले कुन वस्तुको आयात घटेको छ, कुन वस्तुको आयात बढेको छ र राजस्वमा अपेक्षित योगदान किन हुन सकेको छैन भन्ने विषयमा भन्सार प्रशासनले गाहिरो विश्लेषण गर्न आवश्यक छ ।

त्यसैगरी, खुला सीमाका कारण हुने अवैध आयात, चोरी-निकासी, भन्सार छली तथा न्यून मूल्याङ्कनजस्ता समस्या नियन्त्रण गर्नु पनि उत्तिकै जरुरी छ । भन्सारमा हुने अनियमितता नियन्त्रण, वस्तुको यथार्थ मूल्याङ्कन, पारदर्शी जाँचपास र प्रविधिमैत्री सेवा प्रवाहबाट राजस्व चुहावट रोक्न सकिन्छ । राजस्व बढाउने नाममा वैध व्यापार लाई अनावश्यक झन्झट दिने होइन, बरु व्यापार सहजीकरणसँगै राजस्व प्रशासनलाई प्रभावकारी बनाउनु आवश्यक छ ।

नेपालगन्ज भन्सार कार्यालयले वार्षिक लक्ष्य पूरा गर्न कार्ययोजना बनाएको जनाएको छ । तर कार्ययोजना बनाउनु मात्र पर्याप्त हुँदैन, त्यसको प्रभावकारी कार्यान्वयन र नियमित अनुगमन पनि हुनुपर्छ । राजस्व सङ्कलनको मासिक प्रगति समीक्षा गर्ने, लक्ष्य र उपलब्धिबीचको अन्तर पहिचान गर्ने, चुहावट नियन्त्रण गर्ने तथा निजी क्षेत्रसँग समन्वय बढाउने कामलाई प्राथमिकता दिनुपर्छ । भन्सार कार्यालय, सुरक्षा निकाय, उद्योगी-व्यवसायी र स्थानीय प्रशासनबीच प्रभावकारी सहकार्य आवश्यक छ ।

पाँच अर्बभन्दा बढी राजस्व सङ्कलन हुनु उपलब्धि हो, तर लक्ष्यको तुलनामा कमजोर प्रगति हुनु चिन्ताको विषय हो । गत वर्षको लक्ष्य पूरा गर्न नसकेको अनुभवबाट पाठ सिक्दै चालु आर्थिक वर्षको बाँकी अवधिमा परिणाममुखी काम गर्नुपर्ने आवश्यकता छ । नेपालगन्ज भन्सारले लक्ष्यको औचित्य, राजस्व चुहावट नियन्त्रण, व्यापार सहजीकरण र प्रशासनिक प्रभावकारितालाई एकसाथ अघि बढाउनुपर्छ । राजस्वको अङ्क बढाउनेभन्दा पनि पारदर्शी, व्यवस्थित र उत्पादनमुखी व्यापारिक वातावरण निर्माण गर्नु दीर्घकालीन समाधान हो । यसले नेपालको आर्थिक विकास वास्तविक रुपमा योगदान गर्न सक्छ ।

आफना बारे गलत समाचार प्रकाशित भएको नेता वाल्मिकीको आरोप

कालपृष्ठ समाचारदाता

नेपालगन्ज, १६ कात्तिक



नेपाली कांग्रेसका निर्वतमान केन्द्रिय सदस्य एवम् संविधान सभा सदस्य मैकुलाल वाल्मिकीले आफना बारेमा सेतोखरी अनलाईनमा प्रकाशित समाचारको बारेम खण्डन गर्नु भएको छ।

उहाँले सेतोखरी अनलाईनले २०८३ कात्तिक १६ गते प्रकाशित गरेको 'बाँकेमा बलियो बन्दैं देउवा पक्ष' भन्ने शिर्षकको समाचारमा आफनो बारेमा गलत सुचना प्रकाशित गरिएको आरोप लगाउनु भएको छ।

उहाँले सोमबार विज्ञप्ति जारी गर्दै भन्नु भएको छ, 'मेरो बारेमा गलत सुचना प्रकाशित गरिएकोले त्यसको म खण्डन गर्दछु। उक्त समाचार मेरो बारेमा उल्लेख गरिएको विवरण नितान्त गलत र भ्रामक रहेको छ। गलत नियतले मेरो बारेमा लेखिएको उक्त समाचार सच्याउन म सेतोखरी अनलाईनका संचालक एवम् सम्पादकलाई अनुरोध गर्दछु।'

उहाँले विज्ञप्तिमा लेख्नु भएको छ, 'काठमाडौंमा सम्पन्न नेपाली कांग्रेसको १५औं महाधिवेशनमा म केन्द्रिय सदस्य पदको उम्मेदवार भएको थिए। निर्वाचनमा म पराजित भए तर मैले त्यसलाई प्रजातान्त्रिक प्रक्रिया भनेर स्वीकार गर्दै मलाई मत प्रदान गर्नु भएका सम्पुर्ण मतदातालाई सम्मान व्यक्त गरेको छु।'

निर्वाचनमा पराजित भएपनि आफु गगन कुमार थापा सभापति रहेको नेपाली कांग्रेसको कटिबद्ध सिपाही रहेको भन्दै नेता वाल्मिकीले पार्टीको सिद्धान्त, विचार, आस्था र गतिविधिलाई आम जनतासमक्ष लग्न सक्रिय भएर लागिरहेको बताउनु भएको छ।

डा. केसीको स्वास्थ्य अवस्था गम्भीर बन्दै

कालपृष्ठ समाचारदाता

काठमाडौं, १६ कात्तिक

चिकित्सा शिक्षा सुधारका अभियन्ता प्रा.डा.गोविन्द केसीको स्वास्थ्य अवस्था गम्भीर बनेपछि उहाँलाई थप उपचारको लागि इलामबाट हेलिकप्टरमार्फत काठमाडौं ल्याइएको छ। अहिले डा. केसीको त्रिवि शिक्षण अस्पतालमा उपचार भैरहेको छ। उहाँको शरीरमा सुगर र अक्सिजनको मात्रा घट्नुका साथै श्वासप्रश्वासमा समस्या देखिएको उपचारमा खटिएका चिकित्सकहरूले बताउनु भएको छ।

इलाममा २५औं आमरण अनशनमा रहेका केसीको स्वास्थ्यमा लगातार समस्या देखिएपछि चिकित्सकहरूले सुविधासम्पन्न अस्पतालमा स्थानान्तरण गर्न सिफारिस गरेका थिए। अनशनको पाँचौं दिनदेखि नै उहाँको स्वास्थ्यमा जटिलता देखिन थालेको थियो। आइतबार रातिदेखि श्वासप्रश्वासमा कठिनाइ भएपछि अक्सिजन दिएर उपचार गरिएको थियो।

त्रिवि शिक्षण अस्पतालका सूचना अधिकारी कालीप्रसाद रोस्याराका अनुसार केसीको अस्पतालमा भर्ना गरी स्वास्थ्य परीक्षण र उपचार सुरु गरिएको छ। उहाँको शरीरमा सुगरको मात्रा घटेको, श्वासप्रश्वासमा समस्या देखिएको, पेट दुख्ने र पिसाबमा संक्रमणसमेत रहेको रोस्याराले जानकारी दिनु भयो।

उहाँले भन्नु भयो, 'उहाँको सुगरको मात्रा घटेको छ। श्वासप्रश्वासमा समस्या छ। पेट दुख्ने र पिसाबमा पनि संक्रमण देखिएको छ।'

डा. केसीको स्वास्थ्य अवस्था जटिल बन्दै गएपछि नेपाल चिकित्सक संघले उहाँको जीवनरक्षाको लागि तत्काल पहल गर्न सरकारसँग आग्रह गरेको छ। संघले चिकित्सा शिक्षा सुधारका माग सम्बोधन गर्न अविलम्ब वार्ता सुरु गर्न सरकारको ध्यानाकर्षण गराएको हो। संघका अध्यक्ष डा. बद्री रिजाल र महासचिव डा. विश्वराज दवाडीले संयुक्त विज्ञप्ति जारी गर्दै केसीको स्वास्थ्य अवस्था थप जोखिमपूर्ण हुन नदिन आवश्यक उपचार तथा स्वास्थ्य सुरक्षाको व्यवस्था मिलाउन माग गर्नु भएको छ।

चिकित्सा शिक्षा र स्वास्थ्य सेवामा सुधार, गुणस्तरीय स्वास्थ्य सेवामा सर्वसाधारणको सहज पहुँच तथा सुशासनका लागि लामो समयदेखि आवाज उठाउँदै आएका केसीको जीवनरक्षालाई सरकारले प्राथमिकतामा राख्नुपर्ने संघको भनाइ छ।

यसैगरी डा. केसीको स्वास्थ्य अवस्था गम्भीर बने पनि सरकारले औपचारिक वार्ता सुरु नगरेको भन्दै आलोचना भइरहेको छ। यसअघि केसीका मागको समर्थनमा रहेका केही व्यक्ति अहिले मन्त्री तथा सांसदको जिम्मेवारीमा पुगे पनि माग सम्बोधन नभएको भन्दै प्रश्न उठ्न थालेको छ।

पछिल्लो छ महिनामा केसी दुई पटक आमरण अनशनमा बसिसकेका छन्। उहाँका माग सम्बोधन गर्न सरकारले प्रभावकारी पहल नगरेको भन्दै आलोचना भइरहेको छ।

शिक्षामन्त्री सस्मित पोखरेलको सचिवालयले भने केसीसँग अनौपचारिक संवाद भइरहेको जनाएको छ।

डा. केसीले गेटामा आवश्यक पूर्वाधारविना एमबीबीएस तथा नर्सिङ कार्यक्रम सञ्चालन गर्न दिइएको अनुमति खारेज गर्नुपर्ने, चिकित्सा शिक्षा आयोग र विश्वविद्यालयका पदाधिकारी नियुक्तिमा देखिएको स्वार्थको द्वन्द्वबारे निष्पक्ष छानबिन गर्नुपर्ने तथा गेटा अस्पताल पूर्ण क्षमतामा सञ्चालन गर्नुपर्ने लगायतका छबुँदे माग राखेर केसी अनशनमा बस्नु भएको हो। यसअघि सरकारसँग भएका सहमति कार्यान्वयन गर्नुपर्ने माग पनि उहाँले अघि सार्नु भएको छ। चिकित्सा शिक्षा तथा स्वास्थ्य सेवामा देखिएका विकृति अन्त्य गरी गुणस्तरीय स्वास्थ्य सेवामा आम नागरिकको पहुँच सुनिश्चित गर्नुपर्ने डा. केसीको माग रहेको छ।

उस्मानले श्रीमतीबाट पिडित भएको भन्दै मागे न्याय

कालपृष्ठ समाचारदाता

नेपालगन्ज, १६ कात्तिक

बाँके खजुरा गाउँपालिका-०६ उढरापुरका एक युवकले आफु श्रीमतीबाट पिडित भएको भन्दै न्याय दिलाउन अपिल गर्नु भएको छ। श्रीमतीबाट पीडित भएको भन्दै उढरापुरका उस्मान खाँले दुखेसो पोख्नु भएको छ। श्रीमतीको पर-पुरुषसँग सम्बन्ध रहेको, आफूले वैदेशिक रोजगारीबाट कमाएको रकम हिनामिना गरेको र श्रीमतीले छोराछोरीलाई समेत अलपत्र पारेको खाँको आरोप छ।

नेपालगन्जमा सोमबार पत्रकारहरू समक्ष उहाँले आफ्ना भोगाई र दुखेसो पोख्नु भएको हो। घटनाको निष्पक्ष छानबिन गरी न्याय दिलाउन प्रहरी, प्रशासन तथा सम्बन्धित निकायसँग उहाँको माग छ।

२०६५ सालदेखि रोजगारीको लागि खाँ कतार जान थाल्नु भएको थियो। आफु विदेशमा रहँदा घरपरिवारको सम्पूर्ण जिम्मेवारी श्रीमती सबनम खाँलाई दिएको जानकारी दिदै उहाँले २०८३ जेठको अन्त्यतिर श्रीमतीको खजुरा गाउँपालिका-६ का ३० वर्षीय सद्दामु भनिने सम्सुदुहा खाँसँग अबैध सम्बन्ध रहेको र आफूले कमाएको रकम समेत हिनामिना भएको जानकारी पाएपछि गत असार २ गते विदेशबाट फर्केको बताउनु भयो।

घर फर्केपछि श्रीमती र सम्सुदुहा बीचको सम्बन्धबारे थप जानकारी पाएको उस्मानको दाबी छ। श्रीमती सबनमले आफूलाई जबरजस्ती करणी गरेको आरोप लगाउँदै सम्सुदुहाविरुद्ध प्रहरीमा उजुरी दिएकी छन्। सोही उजुरीका आधारमा सम्सुदुहा प्रहरी नियन्त्रणमा रहेको बताइएको छ। श्रीमतीले लगाएको आरोपको समेत निष्पक्ष छानबिन हुनुपर्ने उस्मानले माग रहेको छ। भेरी अस्पतालमा गरिएको स्वास्थ्य परीक्षणका क्रममा सबनमको पेटमा एक महिनाको गर्भ रहेको पनि पाइएको खाँले बताउनु भयो। यही घटना क्रमलाई आधार बनाएर उहाँले श्रीमतीले आफूलाई निर्दोष देखाउन सम्सुदुहा विरुद्ध जबरजस्ती करणीको आरोप लगाएको हुन सक्ने आशंका गर्नु भएको छ। श्रीमती अहिले सम्पर्कविहीन भएको खाँले बताउनु भयो। श्रीमतीले १२ वर्षीया छोरी र आठ वर्षीय छोरालाई छाडेर अलपत्र पारेको उहाँले जानकारी गराउनु भयो।

उस्मानले श्रीमतीसँग सम्बन्ध विच्छेदको प्रक्रिया अघि बढाएपनि सम्पर्कमा नआउँदा कानुनी प्रक्रिया अगाडि बढाउन समस्या भएको बताउनु भयो।

पहिलो पृष्ठबाट बाँकी

अपेक्षाकृत ...

खेतीयोग्य जडीबुटी, प्राकृतिक वनबाट संकलन गरिने जडीबुटी र संरक्षण गर्नुपर्ने दुर्लभ प्रजातिको छुट्टाछुट्टै वर्गीकरण गरी सोहीअनुसार नीति बनाउनुपर्ने आवश्यकता औंल्याइएको छ। जडीबुटी क्षेत्रको विकासका लागि तराई, पहाड र हिमाली क्षेत्रलाई समेटेर छुट्टाछुट्टै उत्पादन क्षेत्र निर्धारण गर्नुपर्ने, किसानलाई प्राविधिक सहयोग तथा अनुदान उपलब्ध गराउनुपर्ने, स्थानीय तहमा संकलन तथा प्रशोधन केन्द्र स्थापना गर्नुपर्ने र अन्तर्राष्ट्रिय बजारसँग प्रत्यक्ष सम्बन्ध स्थापित गर्नुपर्ने सुझाव पनि अघि सारिएको छ।

जडीबुटीको वैज्ञानिक अनुसन्धानलाई प्रयोगशाला र प्रतिवेदनमा मात्र सीमित नराखी त्यसलाई किसानको खेतबारी, उद्योग र बजारसँग जोड्नुपर्ने आवश्यकता रहेको शर्माले बताउनु भएको छ। गुणस्तर परीक्षण, रोग तथा कीरा व्यवस्थापन, व्यावसायिक खेतीको प्रविधि विकास र उत्पादनको बजार मूल्य सुनिश्चित गर्ने प्रणाली स्थापना गर्न सके यस क्षेत्रले रोजगारी तथा राष्ट्रिय आम्दानीमा महत्वपूर्ण योगदान दिन सक्ने व्यावसायी सकिल अहमद जसगढले धारणा राख्नु भयो।

कोशेली ...

महिला उद्यमीलाई प्रोत्साहन गर्दै तिहारमा चाहिने सामाग्रीहरू एक ठाउँमा उपलब्ध गराउन उत्सवले सहयोग गर्नेछ। साथै 'तिहार उत्सव-२०८३'ले स्वदेशी उत्पादनको बजारीकरण गर्न, नेपाली संस्कृतिलाई चिनाउने परिकार तथा सामाग्री प्रवर्द्धनमा सहयोग गर्ने आयोजकले विश्वास लिएको छ। स्टलमा राखिएका वस्तु तथा सामाग्रीहरू पछि मागको आधारमा कोशेली घर नेपालगन्जमा बिक्री वितरणको लागि राखिनेछ।

महिला उद्यमी संघ नेपाल बाँकेले एक दशक देखि महिला उद्यमीहरूले उत्पादन गर्दै आएका वस्तु तथा उत्पादनको बजारीकरणको लागि लुम्बिनी प्रदेश स्तरीय प्रदर्शनी हरेक वर्ष आयोजना गर्दै आएको छ। जसले महिला उद्यमीलाई व्यापार, व्यावसाय तथा उद्यमशीलता तर्फ आर्कषित गर्न सहयोग गर्दै आएको छ।

ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.

नेपाल राष्ट बैकबाट घ वर्गको इजाजतपत्र प्राप्त संस्था राष्टिय स्तरको कार्यक्षेत्र भएको ऋण कर्जा चुक्ता गर्ने सम्वन्धि ३५ दिने सार्वजनिक सूचना।

यस ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.बाट तपसिलमा उल्लेखित चल अचल सम्पत्ति सुरक्षण राखी वा सामूहिक जमानीमा लिएको कर्जा तपसिलका ऋणीहरूले लिएको ऋण कर्जाको सांवा व्याज लगाएतका अन्य रकम समेत यस लघुवित्त वित्तीय संस्थासंगको शर्त कवुलियत बमोजिम समय समयमा तिर्नु/वुझाउनु पर्नेमा सो नतिरी नवुझाई ऋण कर्जा सम्वन्धी शर्त बन्देज उल्लधंन गर्नु भएकोले पटक पटक मौखिक तथा लिखित रूपमा तरताकेता गर्दा समेत सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई वेवास्ता गर्नु भएकोले यो ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र यस लघुवित्त वित्तीय संस्थाको सम्बन्धित कार्यालयमा सम्पर्क गरी यस संस्थाबाट लिएको ऋण कर्जाको सम्पूर्ण सांवा, व्याज र अन्य दै-दस्तुर चुक्ता भुक्तान गर्नु होला। अन्यथा प्रचलित ऐन कानुन तथा यस लघुवित्त वित्तीय संस्थासंग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति समेत लिलाम विक्री गरि वा अन्य कुनै व्यवस्था गरी लघुवित्त वित्तीय संस्थाको आफ्नो लेना रकम असुल उपर गरिने छ। साथै उक्त चल अचल सम्पत्ति लिलाम विक्रीबाट समेत लघुवित्त वित्तीय संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, यस लघुवित्त वित्तीय संस्थासंग गरेको लिखत तथा प्रचलित कानुन बमोजिम ऋणी तथा जमानी कर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा सूचित गरिन्छ।

कार्यालयका नाम – बेतहनी शाखा कार्यालय , बाँके
१. ऋणीको विवरण :
नाम : दिपाली श्रेष्ठ, ना. प्र. न : ५८७ जारी मिती २०४६।३।११ बाँके
ठेगाना : ने.ग.उ.न.पा.वडा नः ८ गागन गञ्ज बाँके, पतिको नाम श्याम बाबु श्रेष्ठ। ससुराको नाम : नारायण प्रसाद श्रेष्ठ,
बुवाको नाम : मोहन सिहं खडका
धनजमानी कर्ता, नाम : श्याम बाबु श्रेष्ठ ना. प्र. न : १७७०६ जारी मिती २०३६।९।०८ , बाँके

कार्यालयका नाम – बेतहनी शाखा कार्यालय , बाँके
२. ऋणीको विवरण :
नाम :- सपना श्रेष्ठ, ना. प्र. न :रा.स. २१। १४ जारी मिती २०६४।८।०६ ,बर्दिया
ठेगाना : ने.ग.उ.न.पा.वडा नः २२ नहरपुरवा बाँके, पतिको नाम चन्द्र प्रकाश बि.सी. । ससुरा कोनाम , दल बहादुर बि.सी.,
बुवाको नाम : रोहित कुमार श्रेष्ठ
धनजमानी कर्ता, नाम : डम्मर बि.सी ना. प्र. न : १३६१ जारी मिती २०५३।०५।०८ ,बाँके

कार्यालयका नाम – बेतहनी शाखा कार्यालय , बाँके
३. ऋणीको विवरण :
नाम : कुमारी प्रियंका गुप्ता , १५५७६ जारी मिती २०६२।९।२६ बाँके
ठेगाना : ने.ग.उ.न.पा.वडा नः २ घरवारी टोल बाँके , पतिको नाम रूपेश कुमार ससुराको नामः बाबु लाल भुज,
बुवाको नाम : रविकान्त गुप्ता
धनजमानी कर्ता, नाम : रूपेश कुमार भुज ना. प्र. न : १०२४ जारी मिती २०५९।४।२० ,दाङ

.कार्यालयका नाम – बेतहनी शाखा कार्यालय , बाँके
४. ऋणीको विवरण :
नाम :- सबनम् खान, ना. प्र. न :६६१०१९।४४४७ जारी मिती २०६८।१२।१५ ,बाँके
ठेगाना : ने.ग.उ.न.पा.वडा नः ०५ बच्चुपुरवा बाँके , पतिको नामः सिराज अहमद सैयद। ससुराको नाम : इर्शाद अहमद खाँ
बुवाको नाम : पप्पु पठान
धनजमानी कर्ता, नाम : रिना खान ना. प्र. न :६६-०१-७६-०४८३४ जारी मिती २०७५।६।१० ,बाँके

कार्यालयका नाम – बेतहनी शाखा कार्यालय , बाँके
५. ऋणीको विवरण :
नाम :- मकीला दर्जी, ना. प्र. न : ६६१।५ जारी मिती २०६३।१०।२६ ,बाँके
ठेगाना : ने.ग.उ.न.पा.वडा नः ०७ बच्चूपूरुवा बाँके , पतिको नामः सलीम दर्जी। ससुराको नाम : मन्नु दर्जी
बुवाको नाम : जमील दर्जी
धनजमानी कर्ता, नाम : शेबु दर्जी ना. प्र. न :६६३०१९।६३६ जारी मिती २०७०।२।३ , बाँके
कार्यालयका नाम - बेतहनी शाखा कार्यालय , बाँके

कार्यालयका नाम – बेतहनी शाखा कार्यालय , बाँके

६. ऋणीको विवरण :
नाम :- सिर्जना डांगी, ना. प्र. न :. ६०५३ जारी मिती २०६१।०५।२३ ,डोल्पा
ठेगाना : ने.ग.उ.न.पा.वडा नः ४ बस पार्क बाँके , पतिको नामः बिष्णु प्रसाद राजबंशी। ससुराको नाम : भिम प्रसाद राजवंशी
बुवाको नाम : गोकर्ण डांगी
धनजमानी कर्ता, नाम : बिष्णु प्रसाद राजबंशी ना. प्र. न : १२९१५।२३५ जारी मिती २०५२।०१।२७ ,मोर्री

कार्यालयका नाम – बेतहनी शाखा कार्यालय , बाँके
७. ऋणीको विवरण :
नाम :- नुरबानो कबडिया, ना. प्र. न :. :६६१०१९।३८८ जारी मिती २०६५।०५।२७ ,बाँके
ठेगाना : ने.ग.उ.न.पा.वडा नः ५ बच्चु पुरवा बाँके , पतिको नामः जांन मोहमद कबडिया। ससुराको नाम : हसन मनेहमद कबडिया
बुवाको नाम : मो. उमर कबडिया (भारत)
धनजमानी कर्ता, नाम : जांन मोहमद कबडिया ना. प्र. न :१३३२९। जारी मिती २०४५।०७।१६, बाँके

कार्यालयका नाम – बेतहनी शाखा कार्यालय , बाँके
८. ऋणीको विवरण :
नाम :- पुजा लामिछाने, ना. प्र. न :६६-०१-७५-०००४३ जारी मिती २०७५।०१।०३ ,बाँके ठेगाना : ने.ग.उ.न.पा.वडा नः ५ डि.एसं पी रोड बाँके , पतिको नामः किसन चौबे। ससुराको नाम : दिनेश कुमार चौबे
बुवाको नाम : गायत्री प्रसाद लामिछाने
धनजमानी कर्ता, नाम : किसन चौबे ना. प्र. न : १०१९।४०४१ जारी मिती २०६८।०७।२४

कार्यालयका नाम – बेतहनी शाखा कार्यालय , बाँके
९. ऋणीको विवरण :
नाम :- मनिसा तामाड., ना. प्र. न :६५७०४ जारी मिती २०५७।०२।१६ ,नुवाकोट ठेगाना : ने.ग.उ.न.पा.वडा नः ४ नमस्ते टोल बाँके , पतिको नामः आशिष कुमार लखेर। ससुराको नाम : बद्रि प्रसाद लखेर
बुवाको नाम : डिल बहादुर तामाड.
धनजमानी कर्ता, नाम : आशिष कुमार लखेर ना. प्र. न : ३६१ जारी मिती २०५८।०९।११

कार्यालयका नाम – बेतहनी शाखा कार्यालय , बाँके
१०. ऋणीको विवरण :
नाम :- सुजना भण्डारी., ना. प्र. न :६६३०१९।५४६ जारी मिती २०६३।१०।१६ , बाँके ठेगाना : ने.ग.उ.न.पा.वडा नः ४ नमस्ते टोल बाँके , पतिको नामः पुजन बिक्रम साह। ससुराको नाम : दिपक जंग शाह
बुवाको नाम : कृष्ण बहादुर भण्डारी
धनजमानी कर्ता, नाम : पुजन बिक्रम साह ना. प्र. न : २२३९ जारी मिती २०५७।०४।०५, सुरज भण्डारी ना. प्र. न :६६१०१९।८६८ जारी मिती २०७६।०६।१२

कार्यालयका नाम – बेतहनी शाखा कार्यालय , बाँके
११. ऋणीको विवरण :
नाम :- भगवती देवी भण्डारी ., ना. प्र. न :१०१४ जारी मिती २०४४।१२।१० ,बाँके ठेगाना : ने.ग.उ.न.पा.वडा नः ४ नमस्ते टोल बाँके , पतिको नाम कृष्ण बहादुर भण्डारी :। ससुराको नाम : भिम बहादुर भण्डारी
बुवाको नाम : गणेशमान राज भण्डारी
धनजमानी कर्ता, नाम : कृष्ण बहादुर भण्डारा ना. प्र. न : १५४४ जारी मिती २०४३।०६।१९ जाजरकोट,

कार्यालयका नाम – बेतहनी शाखा कार्यालय , बाँके
१२. ऋणीको विवरण :
नाम :- कल्पना थापा भण्डारी., ना. प्र. न :२१६९ जारी मिती २०६१।०३।१३ ,जाजरकोट ठेगाना : ने.ग.उ.न.पा.वडा नः ४ नमस्ते टोल बाँके , पतिको नामः मन्दिर थापा। ससुराको नाम : नरे थापा
बुवाको नाम : कृष्ण बहादुर भण्डारी
धनजमानी कर्ता, नाम : मन्दिर थापा ना. प्र. न : १६४८ जारी मिती २०५४।०५।०८ जाजरकोट, कृष्ण बहादुर भण्डारी १५४४ जारी मिति २०४३।०६।१९ जाजरकोट

कार्यालयका नाम – बेतहनी शाखा कार्यालय , बाँके

१३. ऋणीको विवरण :
नाम :- शोभा कुमारी सुनार , ना. प्र. न :२४५६ जारी मिती २०५२।०८।२० ,बाँके ठेगाना : ने.ग.उ.न.पा.वडा नः २ बुद्द टोल बाँके , पतिको नामः उदय बहादुर सुनार। ससुराको नाम : मान बहादुर सुनार
बुवाको नाम : सुनु सिह बि.क.
धनजमानी कर्ता, नाम : उदय बहादुर सुनार ना. प्र. न : ५।२७११ जारी मिती २०४५।०१।२७ बर्दिया, लोकेन्द्र सुनार ना.प्र.न. ६६१०१९।४२८२ जारी मिति २०६८।१०।०९ बाँके

कार्यालयका नाम – बेतहनी शाखा कार्यालय , बाँके
१४. ऋणीको विवरण :
नाम :- हिरा के.सी. , ना. प्र. न :५६५१ जारी मिती २०५६।१२।२० ,बाँके ठेगाना : ने.ग.उ.न.पा.वडा नः ६ फुलटेक्रा बाँके , पतिको नामः इन्द्र बहादुर राना मगर। ससुराको नाम : बलुराम रानामगर
बुवाको नाम : शेर बहादुर खत्री
धनजमानी कर्ता, नाम : भावना राना ना. प्र. न : ६६-०१-७५-०२६१ जारी मिती २०७१।०४।१२ बाँके इन्द्र बहादुर राना मगर ना. प्र. न :२८०६ जारी मिती २०५४।१०।२० रोल्पा

कार्यालयका नाम – बेतहनी शाखा कार्यालय , बाँके
१५. ऋणीको विवरण :
नाम :- निलम ठठेर , ना. प्र. न :१५५१२ जारी मिती २०६२।०९।१९ ,बाँके ठेगाना : ने.ग.उ.न.पा.वडा नः ७ गगनगजं बाँके , पतिको नामः पबन कुमार गुप्ता। ससुराको नाम : बजरङ. लमा गुप्ता
बुवाको नाम : नेहरु प्रसाद ठठेर
धनजमानी कर्ता, नाम : पबन कुमार गुप्ता ना. प्र. न : ६६३०१९।२०९ जारी मिती बाकें कार्यालयका नाम -

कार्यालयका नाम – बेतहनी शाखा कार्यालय , बाँके
१६. ऋणीको विवरण :
नाम :- सुमित्रा जोसी , ना. प्र. न :१४८२१ जारी मिती २०६२।०६।८ ,बाँके ठेगाना : ने.ग.उ.न.पा.वडा नः ५ गणेशपुर बाँके , पतिको नामः उत्तम जोशी । ससुराको नाम : गयाप्रसाद जोशी बुवाको नाम : मदनमान श्रेष्ठ धनजमानी कर्ता, नाम : अनुस्का जोशी ना. प्र. न : : ६६-०१-७७-०४०६७ जारी मिती २०७७।०८।३० बाँके,

कार्यालयका नाम – बेतहनी शाखा कार्यालय , बाँके
१७. ऋणीको विवरण :
नाम :- सपना सिह , ना. प्र. न :६६३०१९।२१४ जारी मिती २०७०।०२।०९ ,बाँके ठेगाना : ने.ग.उ.न.पा.वडा नः ३ रानी तलाव बाँके , पतिनाम :कुवँर सिहं । ससुराको नाम : छोटेलाल सहिंबुवाको नाम : धनजमानी कर्ता, नाम : :कुवँर सिह ना. प्र. न : : ६६३०१९।६२८ जारी मिती २०६३।११।०४ बाँके, कार्यालयका नाम - बेतहनी शाखा कार्यालय , बाँके

कार्यालयका नाम – बेतहनी शाखा कार्यालय , बाँके
१८. ऋणीको विवरण :
नाम :- राधिका ढुगना(थापा) , ना. प्र. न :१०१९।३७१६ जारी मिती २०६८।३।२० ,बाके ठेगाना : ने.ग.उ.न.पा.वडा नः ४ बस पार्क बाँके , पतिको नामः रमेश बहादुर थापा। ससुराको नाम : चन्द्र बहादुर थापा बस पाक
बुवाको नाम :उमाकान्त ढुगाना
धनजमानी कर्ता, नाम : रमेश बहादुर थापा ना. प्र. न : ३७८३ जारी मिती २०५५।८।२२ बस पार्क बाँके, बाँके

कार्यालयका नाम – बेतहनी शाखा कार्यालय , बाँके
१९. ऋणीको विवरण :
नाम :- सीता शाही , ना. प्र. न : :६२-०१-७६-००९५८ : जारी मिती २०७६।२।२९ जाजरकोट ठेगाना : ने.ग.उ.न.पा.वडा नः ४ गणेशपुर, बाँके , पतिको नामः तुलु शाही। ससुराको नाम : शिउदर शाही गणेशा पुर बाँके बुवाको नाम सुर बहादुर शाही
धनजमानी कर्ता, नाम : तुलु शाही ना. प्र. न : १५३२ जारी मिती २०५८।४।१८ नेपालगञ्ज वडा नं ०४ गणेशपुर, बाँके,

कार्यालयका नाम – बेतहनी शाखा कार्यालय , बाँके
२०. ऋणीको विवरण :
नाम :- खिमा कुमारी चन्द , ना. प्र. न ::६४-०१-७४-०४५५८ जारी मिती २०७४।७।२३ ,सुर्खेत ठेगाना : ने.ग.उ.न.पा.वडा नः ४ बसपार्क बाँके , पतिको नामः हृदयेश बम। ससुराको नाम : केवले कम बसपार्क ४
बुवाको नाम :अमृत चन्द ठकुरी
धनजमानी कर्ता, नाम : हृदयेश बम ना. प्र. न :६३-०२-७४-०३३८० जारी मिती २०७४।१२।५ बसपार्क, ४ बाँके,

कार्यालयका नाम – बेतहनी शाखा कार्यालय , बाँके

२१. ऋणीको विवरण :
नाम :- ईशा श्रेष्ठ , ना. प्र. न : :६६-०१-७१-०३१७२ जारी मिती २०७१।५।१६ ,बाके ठेगाना : ने.ग.उ.न.पा.वडा नः ४ बस पार्क(सदर लाइन) बाँके , पतिको नामः संजय श्रेष्ठ। ससुराको नाम : राजू श्रेष्ठ सदर लाइन
बुवाको नाम :इन्द्र बहादुर श्रेष्ठ
धनजमानी कर्ता, नाम : संजय श्रेष्ठ ना. प्र. न : १७३६० जारी मिती २०६३।८।८ बस पार्क सदर लाइन बाँके,

१ ऋणी सदस्यको विवरण
नाम:भावना वुढा लिगं: महिला ना.प्र.न:५५१०१४/२४८० जारी मिति र जिल्ला :०६४।१०।११ सल्यान स्थायी ठेगाना: कालागाउं ९ सल्यान
हालको ठेगाना: ने.उ.पा ४ गणेपुर पति/पत्नीको नाम: धर्मराज मल्ल वाजे/वुवाको नाम:भदे वुढा मगर सासु/ससुराको नाम: धन वहादुर मल्ल
२ व्यक्तिगत जमानी कर्ताको विवरण
नाम: धर्मराज मल्ल लिगं: पुरुष ना.प्र.न:६६१०१४/१०३४ जारी मिति र जिल्ला :२०६०।२६।०३ बांके स्थायी ठेगाना: ने.उ.पा ५ हालको
ठेगाना: ने.उ.पा ४ गणेपुर पति/पत्नीको नाम: भावना वुढा वाजे/वुवाको नाम: धन वहादुर मल्ल सासु/ससुराको नाम: नाम:भदे वुढा मगर

१ ऋणी सदस्यको विवरण
नाम: शुसिला कु कार्की लिगं: महिला ना.प्र.न:९०४३ जारी मिति र जिल्ला :२०५६।०१।०६ बांके स्थायी ठेगाना: ने.उ.पा ४ गणेपुर हालको
ठेगाना: ने.उ.पा ४ गणेपुर पति/पत्नीको नाम: नेत्र वहादुर कार्की वाजे/वुवाको नाम: नमदेव पौडेल सासु/ससुराको नाम: मन वहादुर कार्की
२ व्यक्तिगत जमानी कर्ताको विवरण
नाम:ईश्वरी सिह सिजापति लिगं: महिला ना.प्र.न:६६१०१९/४३७६ जारी मिति र जिल्ला ,:२०६८।११।३० बांके, नेत्र वहमदुर काकी
लिगं: पुरुष ना.प्र.न१५५२ जारी मिति र जिल्ला२०३६।११।२६ स्याडंजा, स्थायी ठेगाना: ने.उ.पा ४ गणेपुर हालको ठेगाना: ने.उ.पा ४ गणेपुर
पति/पत्नीको नाम: विरेन्द्र सिह सिजापति वाजे/वुवाको नाम: सालिक राम बस्नेत सासु/ससुराको नाम: नाम: नेत्र वहमदुर काकी
लिगं: पुरुष ना.प्र.न१५५२ जारी मिति र जिल्ला२०३६।११।२६ स्याडंजा,

१ ऋणी सदस्यको विवरण
नाम:सुमन नाउं लिगं: महिला ना.प्र.न:६६/०१/७१/०५०२५ जारी मिति र जिल्ला :२०७१।८।०१ बांके स्थायी ठेगाना: ने.उ.पा २१ पुरैना
हालको ठेगाना: ने.उ.पा २१ पुरैना पति/पत्नीको नाम: प्रवेश कुमार नाउं वाजे/वुवाको नाम: देवी दिन नाउं सासु/ससुराको नाम: केशव वहादुर नाउं
२ व्यक्तिगत जमानी कर्ताको विवरण
नाम:प्रवेश कुमार नाउं लिगं: पुरुष ना.प्र.न:६६१०२३/१२१जारी मिति जिल्ला :२०६६।०७।०९ बांके स्थायी ठेगाना: ने.उ.पा २१ पुरैना
हालको ठेगाना: ने.उ.पा. २१ पुरैना पति/पत्नीको नाम: सुमन नाउं वाजे/वुवाको नाम: केशव वहादुर नाउं
सासु/ससुराको नाम: देवी दिन नाउं

१ ऋणी सदस्यको विवरण
नाम: संगिता गिरी लिगं:महिला ना.प्र.न:१६८८९ जारी मिति र जिल्ला :२०६२।१०।१८ बांके स्थायी ठेगाना: ने.उ.पा ५ बच्चुपुरुवा
हालको ठेगाना: ने.उ.पा ५ बच्चुपुरुवा पति/पत्नीको नाम: माया राम चौधरी थारु वाजे/वुवाको नाम: लाल वहादुर गिरी
सासु/ससुराको नाम: हिरा लाल थारु
२ व्यक्तिगत जमानी कर्ताको विवरण
नाम: माया राम थारु लिगं: पुरुष ना.प्र.न:१५जारी मिति र जिल्ला :२०५२।०४।१५ बांके स्थायी ठेगाना: ने.उ.पा ५ बच्चुपुरुवा
हालको ठेगाना: ने.उ.पा ५ बच्चुपुरुवा पति/पत्नीको नाम: संगिता गिरी वाजे/वुवाको नाम: हिरा लाल थारु सासु/ससुराको नाम:

१ ऋणी सदस्यको विवरण
नाम: गगा देवी खत्री लिगं:महिला ना.प्र.न:१४६ जारी मिति र जिल्ला :२०४४।१२।२२ बाकें स्थायी ठेगाना: ने.उ.पा ४ फुल्टेक
हालको ठेगाना: ने.उ.पा ६ फुल्टेका पति/पत्नीको नाम: बहादुर सिंह खत्री वाजे/वुवाको नाम: सासु/ससुराको नाम: तूला राम खत्री
२ व्यक्तिगत जमानी कर्ताको विवरण
नाम: लक्ष्मी थापां: महिला ना.प्र.न.१०४५ २ जारी मिति र जिल्ला :२०५९।०८।०९ बांके वहादुर सिहं खत्री ना.प्र.न:९५१७
जारी मिति र जिल्ला २०७३।०२।३० बा.के स्थायी ठेगाना: ने.उ.पा ६ फुल्टेका हालको ठेगाना: ने.उ.पा ६ फुल्टेका
पति/पत्नीको नाम: चक्र बहादुर थापा वाजे/वुवाको नाम: बम बहादुर घर्ति सासु/ससुराको नाम:

१ ऋणी सदस्यको विवरण
नाम: सुप्रिया सोनी लिगं:महिला ना.प्र.न:६६१०१९/२७०६ जारी मिति र जिल्ला :२०६८।१०।२७बांके स्थायी ठेगाना: ने.उ.पा ८ दशरथमार्ग
हालको ठेगाना: ने.उ.पा ८ दशरथमाग पति/पत्नीको नाम: अभिसेक सोनी वाजे/वुवाको नाम: बिमल रस्तोगी सासु/ससुराको नाम: राम नरेश सोनी
२ व्यक्तिगत जमानी कर्ताको विवरण
नाम:: अभिसेक सोनी पुरुष ना.प्र.न:६६३०१९/७५७ जारी मिति र जिल्ला :२०६३।१०।०५ बांके स्थायी ठेगाना: ने.उ.पा ८ दशरथमार्ग
हालको ठेगाना: ने.उ.पा ८ दशरथमार्ग पति/पत्नीको नाम: सुप्रिया सोनी वाजे/वुवाको नाम: राम नरेश सोनी सासु/ससुराको नाम: बिमल रस्तोगी

१ ऋणी सदस्यको विवरण
नाम: रुठ पुन लिगं:महिला ना.प्र.न:३५८ जारी मिति र जिल्ला :२०४४।०२।०४ कास्की स्थायी ठेगाना: ने.उ.पा ४ गणेशपुर
हालको ठेगाना: ने.उ.पा ५ ४ गणेशपुर पति/पत्नीको नाम: धन वहादुर पुन मगर वाजे/वुवाको नाम: .....सासु/ससुराको नाम: रुप चन्द्र पुन मगर
२ व्यक्तिगत जमानी कर्ताको विवरण
नाम:: धन वहादुर पुन मगर पुरुष ना.प्र.न.१४०७जारी मिति र जिल्ला :२०३३।०४।२९ स्याङ्जा श्रेया पुन,६६१०१९।२५३९
स्थायी ठेगाना: ने.उ.पा ४ गणेशपुर हालको ठेगाना: ने.उ.पा ४ गणेशपुर पति/पत्नीको नाम: रुठ पुन वाजे/वुवाको नाम: रुप चन्द्र पुन मगर
सासु/ससुराको नाम: .....

१ ऋणी सदस्यको विवरण
नाम: कलावती पाण्डे लिगं:महिला ना.प्र.न न:६६/०१/६९/०८२५२ जारी मिति र जिल्ला :२०६९।११।११ बांके
स्थायी ठेगाना: ने.उ.पा ६ राम नगर हालको ठेगाना: ने.उ.पा ६ राम नगर पति/पत्नीको नाम: आनन्द मोहन पाण्डे
वाजे/वुवाको नाम: नन्द किशोर पाण्डे सासु/ससुराको नाम: राक कृपाल पाण्डे
२ व्यक्तिगत जमानी कर्ताको विवरण
नामं:आनन्द मोहन पाण्डे पुरुष ना.प्र.न.१०८३।६७६।४।०।०।६०८ जारी मिति र जिल्ला :२०४१।१०।०२ बांके
स्थायी ठेगाना: ने.उ.पा ६ राम नगर हालको ठेगाना: ने.उ.पा ६ राम नगर पति/पत्नीको नाम: आनन्द मोहन पाण्डे
वाजे/वुवाको नाम: राम कृपाल पाण्डे सासु/ससुराको नाम: नन्द किशोर पाण्डे

१ ऋणी सदस्यको विवरण
नाम: पुर्णिमा शर्मा पाण्डे लिगं:महिला ना.प्र.न न:६६/०१/६९/०८२५७ जारी मिति र जिल्ला :२०६९।११।११ बांके
स्थायी ठेगाना: ने.उ.पा ६ राम नगर हालको ठेगाना: ने.उ.पा ६ राम नगर पति/पत्नीको नाम: सुनिल कूमार पाण्डे
वाजे/वुवाको नाम: रमा शकर सासु/ससुराको नाम: राम कृपाल पाण्डे
२ व्यक्तिगत जमानी कर्ताको विवरण
नाम:: सुनिल कूमार पाण्डे पुरुष ना.प्र.न.१।३४० जारी मिति र जिल्ला :२०५१।११।२६ बांके् स्थायी ठेगाना: ने.उ.पा ६ राम नगर
हालको ठेगाना: ने.उ.पा ६ राम नगर पति/पत्नीको नाम::पुर्णिमा शर्मा पाण्डे वाजे/वुवाको नाम: राम कृपाल पाण्डे सासु/ससुराको नाम:रमा शकर

१ ऋणी सदस्यको विवरण
नाम: आल्मा खां लिगं:महिला ना.प्र.न न:६६३०१९।१४० जारी मिति र जिल्ला :२०७०।०२।०१ बांके स्थायी ठेगाना: ने.उ.पा ८ बह्रम कु टोल
हालको ठेगाना: ने.उ.पा ७ बह्रम कु टोल पति/पत्नीको नाम: सफि अहम खां वाजे/वुवाको नाम:
सासु/ससुराको नाम: नपी अहमद खां
२ व्यक्तिगत जमानी कर्ताको विवरण
नाम:: सफि अहम खां पुरुष ना.प्र.न:६६३०१९।३९८ जारी मिति र जिल्ला :२०६२।११।०२ बांके स्थायी ठेगाना: ने.उ.पा ८ बह्रम कु टोल
हालको ठेगाना: ने.उ.पा ८ बह्रम कु टोल पति/पत्नीको नाम:: आल्मा खा वाजे/वुवाको नाम: नपी अहमद खां सासु/ससुराको नाम:

१ ऋणी सदस्यको विवरण
नाम: खुस्बु अन्सारी लिगं:महिला ना.प्र.न न:६६/०१/७३/०६४२२ जारी मिति र जिल्ला :२०७३।१२।०१ बांके स्थायी ठेगाना: ने.उ.पा ३ एकलैनी
हालको ठेगाना: ने.उ.पा ३ एकलैनी पति/पत्नीको नाम: निजामुदिन अंसारी वाजे/वुवाको नाम: इब्राहीम अंसारी सासु/ससुराको नाम: सिराजुनदिन अंसारी
२ व्यक्तिगत जमानी कर्ताको विवरण
नाम:: निजामुदिन अंसारी पुरुष ना.प्र.न.१४०६७ जारी मिति र जिल्ला :२०६२।०२।१० बांके स्थायी ठेगाना: ने.उ.पा ३ एकलैनी
हालको ठेगाना: ने.उ.पा ३ एकलैनी पति/पत्नीको नाम:: खुस्बु अन्सार वाजे/वुवाको नाम: सिराजुनदिन अंसारी सासु/ससुराको नाम:

१ ऋणी सदस्यको विवरण
नाम: हनिफ हलवाइ लिगं:पुरुष ना.प्र.न न:६६१०१९।५७० जारी मिति र जिल्ला :२०६३।१०।२३ बांके
स्थायी ठेगाना: ने.उ.पा ५ बच्चूपुरुवा हालको ठेगाना: ने.उ.पा ५ बच्चूपुरुवा पति/पत्नीको नाम: समसुन निसा हलवाइ
वाजे/वुवाको नाम: सरिफ हलवाइ सासु/ससुराको नाम:
२ व्यक्तिगत जमानी कर्ताको विवरण
नाम:: समसुन निसा हलवाइ महिला ना.प्र.न.५८१८ जारी मिति र जिल्ला :२०५७।०२।२३ बांके
स्थायी ठेगाना: ने.उ.पा ५ बच्चूपुरुवा हालको ठेगाना: ने.उ.पा ५ बच्चूपुरुवा
पति/पत्नीको नाम:: हनिफ हलवाइ वाजे/वुवाको नाम:सरिफ हलवाइ

१ ऋणी सदस्यको विवरण
नाम: सजोग चन्द लिगं:पुरुष ना.प्र.न न:२२ जारी मिति र जिल्ला :२०५५।११।२० बर्दिया
स्थायी ठेगाना: जिल्ला बैतडी दशरथचन्द गा.वि.स ९ हालको ठेगाना: ने.उ.पा ३ सुर्खेत रोड
पति/पत्नीको नाम: गीता चन्द वाजे/वुवाको नाम: केशव वहादुर चन्द सासु/ससुराको नाम:
२ व्यक्तिगत जमानी कर्ताको विवरण
नाम:: उमा राणा महिला ना.प्र.न.८३१ जारी मिति र जिल्ला :२०४५।०१।१९ बांके
स्थायी ठेगाना: ने.उ.पा १७ हालको ठेगाना: ने.उ.पा १७ पति/पत्नीको नाम:: राणा बिजय जगं
वाजे/वुवाको नाम:

१ ऋणी सदस्यको विवरण
नाम: सन्जु तेली लिगं:महिला ना.प्र.न न: न:६६/०१/७०/०७४५८ जारी मिति र जिल्ला :२०७०।१२।२१ बांके
स्थायी ठेगाना: नेपालगंज ११ हालको ठेगाना: ने.उ.पा ८ घसिरियन टोल
पति/पत्नीको नाम: बिकस तेली साहु वाजे/वुवाको नाम: लल्लु सोनी सासु/ससुराको नाम: मुलचन्द तेली
२ व्यक्तिगत जमानी कर्ताको विवरण
नाम:: बिकस तेली साहु.प्र.न.१०८१६ जारी मिति र जिल्ला :२०६०।०२।०४ बांके
स्थायी ठेगाना: नेपालगंज ११ हालको ठेगाना: ने.उ.पा ८ घसिरियन टोल
पति/पत्नीको नाम:: सन्जु तेली वाजे/वुवाको नाम: मुलचन्द तेली हालको ठेगाना: ने.उ.पा ८ घसिरियन टोल
पति/पत्नीको नाम:: सन्जु तेली वाजे/वुवाको नाम: मुलचन्द तेली

बार्षिक साधारणसभा सम्बन्धि सूचना

(प्रकाशित मितिः २०८३-०७-१६ गते)

श्री शारदा उपभोक्ता सहकारी संस्था लिमिटेड, नेपालगन्ज बाँकेको २०८३ अषाढ ३१ गते बसेको सञ्चालक समितिको बैंठकको निर्णय अनुसार यस संस्थाको १३औं बार्षिक साधारण सभाको कार्यक्रम तपसीलको मिति, समय र स्थानमा आयोजना गरिने भएको हुँदा सम्पूर्ण शेयर सदस्य महानुभावहरूलाई उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं।

कार्यक्रम

मितिः २०८३ मंसीर ०५ गते शनिबार
समयः बिहान १२:३० बजे
स्थानः संस्थाको कार्यालय परिसर, नेपालगन्ज उपमहानगरपालिका-०२, न्यूरोड

छलफलका विषयहरूः

१. संचालक समितिको तर्फबाट अध्यक्ष ज्यूको बार्षिक प्रतिवेदन प्रस्तुत सम्बन्धमा।
२. लेखा सुपरीवेक्षण समितिको तर्फबाट प्रतिवेदन प्रस्तुत सम्बन्धमा।
३. आ.व. २०८२/०८३ को लेखापरीक्षण प्रतिवेदन प्रस्तुत सम्बन्धमा।
४. आ.व. २०८२/०८३ मा सञ्चालक समितिबाट गरिएका निर्णयहरूको अनुमोदन सम्बन्धमा।
५. आ. व. २०८३/०८४ को बार्षिक बजेट तथा कार्यक्रम व्यवस्थापकबाट प्रस्तुत तथा अनुमोदन सम्बन्धमा।
६. आ.व. २०८३/०८४ को लागि लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण सम्बन्धमा।
७. संस्थाको विनियम शंसोधन सम्बन्धमा।
८. साधारण सभाको निर्णय प्रमाणित गर्ने प्रतिनिधि चयन गर्ने सम्बन्धमा।
९. विविध सम्बन्धमा।

नोटः थप जानकारीको लागि सम्पर्क फोन नं. ०८१-५३००५२, ९८४८०३१४११

विज्ञापन कारोबार व्यवस्थित गरौं

- विज्ञापन सम्बन्धी कारोबार गर्ने सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीहरु प्रचलित कानून बमोजिम विज्ञापन बोर्डमा सूचीकरण गराऔं,
- सूचीकरण भएका सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीहरु प्रत्येक वर्ष तोकिएको समयभित्र नवीकरण गराऔं,
- सूचीकरण तथा नवीकरणका लागि आवश्यक विवरण र कागजात अद्यावधिक गरौं,
- विज्ञापन कारोबारलाई व्यवस्थित, पारदर्शी, मर्यादित र जवाफदेही बनाऔं,
- विज्ञापन प्रकाशन तथा प्रसारण गर्दा प्रचलित नियम, कानून तथा मापदण्डको पालना गरौं,
- भ्रामक, झुठा, अतिरञ्जित तथा उपभोक्ताको हितविपरीतका विज्ञापनको प्रचार-प्रसार नगरौं,
- विज्ञापनदाता, सञ्चारमाध्यम र विज्ञापन एजेन्सीबीचको कारोबारलाई पारदर्शी र अभिलेखयोग्य बनाऔं,
- सूचीकरण र नवीकरण केवल कानूनी प्रक्रिया मात्र होइन, जिम्मेवार विज्ञापन कारोबारको आधार हो भन्ने कुरा आत्मसाथ गरौं ।

जिम्मेवार विज्ञापन बजार निर्माणमा सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

कालपृष्ठ दैनिकका लागि संस्थापक हेमन्त कर्माचार्य ९८५८०२१९५९, प्रकाशक/सम्पादक : कमल खत्री, कार्यालय: नेपालगन्ज-२, धम्बोझी, मो.नं.: ९८५११४८३६१, ९८५८०४१२१०, E-mail: kalpristha.news@gmail.com, kalpristha.marketing@gmail.com, मुद्रण: रंगशाला अफसेट प्रेस, नेपालगन्ज, बाँके।